गण्डकी प्रदेश

बालबालिकाको स्थिति प्रतिवेदन- २०७७

(२०७६ साउनदेखि २०७७ असारसम्म)

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू

इन्सेकको पुस्तकालयको प्रयोग गरौं ।

मानव अधिकारसम्बन्धी सूचना र जानकारीका लागि

पुस्तकालयमा उपलब्ध मानव अधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू

सुविधाहरू

- फोटोकपी
- इन्टरनेट
- कम्प्युटर

मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारपत्र, जर्नल

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org

गण्डकी प्रदेश

बालबालिकाको स्थिति प्रतिवेदन -२०७७

(२०७६ साउनदेखि २०७७ असारसम्म)

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
गण्डकी प्रदेश कार्यालय, पोखरा

बालबालिकाको स्थिति प्रतिवेदन –२०७७

सङ्ख्या: १००० प्रति

प्रकाशक: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), गण्डकी प्रदेश कार्यालय, पोखरा

सर्वाधिकार: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
(यस प्रतिवेदनमा उल्लेख गरिएका विषयवस्तुहरू स्रोत खुलाई उद्धरण गर्न सकिनेछ।)

सल्लाहकार
विजयराज गौतम
मदन पौडेल
शिवप्रसाद खकुरेल

सम्पादन
रमेशप्रसाद तिमल्सिना

व्यवस्थापन
मधु पन्थी

मुद्रक
ड्रिम ग्राफिक्स

विषयसूची

१. वर्तमान राज्य संरचनामा बाल संरक्षण र स्थानीय तहको भूमिका/ माधव प्रधान– **१३**
२. स्थानीय तहमा बालसंरक्षण नीति वा मापदण्ड/ मधु दवाडी – **१६**
३. तनहुँ–**१९** ४. नवलपरासी पूर्व – **२१** ५. कास्की – **२४** ६. बागलुङ– **२७**
७. म्याग्दी – **२९** ८. गोरखा – **३१** ९. पर्वत– **३४** १०. लमजुङ– **३६**
११. स्याङ्जा– **३८** १२. जिल्लागत आधारमा बाल अधिकार उल्लङ्घन ..... – **३९**

इन्सेक गण्डकी प्रदेश कार्यालयमा कार्यरत कर्मचारीहरू

शिवप्रसाद खकुरेल

सवनम शर्मा

नुपुर गुप्ता

मधु पन्थी

प्रदेश सरकार
सामजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

निजी सचिवालय
मा. नरदेवी पुन मगर
मन्त्री
☎ ०६१-४६७९७६

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
माननीय मन्त्रीको निजी सचिवालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

मिति : २०७७/०५/०१

शुभकामना

आ.व. २०७६/७७ को सामाजिक विकास मन्त्रालयको बार्षिक स्विकृत कार्यक्रम अन्तर्गत **प्रदेशस्तरीय बालबालिकाको स्थिति प्रतिवेदन-२०७७ प्रकाशन** गर्ने कार्यक्रमको जिम्मेवारी लिई सो सम्बन्धमा विभिन्न विवरणहरु समावेश गरी गण्डकी प्रदेशमा बालबालिकाको स्थिति अध्ययन गरी प्रतिवेदनको रुपमा प्रकाशन गरी सरोकारवालाहरुलाई सुसुचित गर्ने कार्य गरेकोमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेश कार्यालय प्रति खुशी व्यक्त गर्दछु । यस स्थिति प्रतिवेदनले गण्डकी प्रदेशभित्रका बालबालिकाहरुको समग्र क्षेत्रको जानकारी दिनुका साथै प्रदेश सरकार तथा सरोकारवालाहरुलाई आगामी दिनहरुमा थप कार्यक्रमहरु तर्जुमा एवम् संचालन गर्न मार्गदर्शन प्रदान गर्ने विश्वास लिएको छु ।

प्रस्तुत प्रतिवेदन आम नागरिक, पत्रकार, योजनाकार, विज्ञ, तथा अन्य सम्पूर्ण सरोकारवालाहरुको लागि निकै उपयोगी हुने विश्वास लिएको छु । आम पाठक वर्गले प्रस्तुत प्रतिवेदनको अध्ययन पश्चात् उपलब्ध गराउनुहुने सकारात्मक सल्लाह तथा सुझावहरु प्रदेश सरकारको भावि योजना तथा कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनमा अत्यन्तै महत्वपूर्ण हुने आशा समेत व्यक्त गर्दछु ।

अन्तमा, कोभिड- १९ को महामारीको समयमा पनि मन्त्रालयबाट प्राप्त जिम्मेवारीलाई कुशलतापूर्वक सम्पन्न गरी प्रतिवेदन तयारीमा सहभागी हुनुहुने इन्सेक गण्डकी प्रदेश कार्यालयका प्रमुख लगायत सम्पूर्ण टिमलाई धन्यवाद दिदै आगामी दिनमा समेत सहकार्यको अवसर र सफलता प्राप्त होस् भन्ने शुभकामना दिन चाहन्छु ।

धन्यवाद

मा. नरदेवी पुन मगर
मन्त्री

phone no. 061-467976 *E-mail-*

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

राष्ट्रिय बाल अधिकार परिषद्

National Child Rights Council-NCRC

श्रीमहल, पुल्चोक, ललितपुर

मिति:२०७७ भदौ २१

पत्र संख्या :

चलानी नं. :

शुभकामना

नेपाल सरकारको सुखी नेपाली समृद्ध नेपाल अभियानको सफलताको आधार बालबालिकाको अधिकारको सुनिश्चितता, संरक्षण र सम्वर्द्धन हो । २०४७ को राजनितिक परिवर्तनसँगै अधिकारमूखी सामाजिक विकासको अभियान शुरु भएको नेपालमा संघीय गणतन्त्रात्मक शासनप्रणालीको स्थापनापश्चात अझ संस्थागत र विकेन्द्रीत रुपमा अगाडी बढ्न सफल भएको छ । नागरिकहरुलाई घर दैलोमा विकास सेवा सुनिश्चित गर्न स्थानीय विशेषतामा आधारित विकास योजनाहरु निर्माण गर्न प्रदेश तथा स्थानीय तहका सरकारहरुले लिएको अगुवाई प्रशंसायोग्य छन् । यस्ता प्रयासहरुलाई तप बलियो बनाउनका निम्ति सहकार्य, साझेदारी तथा क्षमता विकासका कार्यक्रमहरु लागू गर्न जरुरी छ ।

असल विकास योजनाको आधार तथ्यपरक सुचना हो । बाल अधिकारको संरक्षण र सम्वर्द्धनमा बाल अधिकारको वस्तुगत अवस्थाको जानकारी र विश्लेषण प्रस्थान बिन्दुको रुपमा लिन सकिन्छ । यस सन्दर्भमा गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय अन्तर्गत माननीय मन्त्री नरदेवी पुनज्यूको मार्गनिर्देशन तथा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जस्तो प्रतिष्ठीत मानवअधिकारकर्मी संस्थाको सहकार्यमा बालबालिकाको स्थिती पत्र प्रकाशीत हुनु अत्यन्तै सुखद र महत्वपुर्ण कदम हो भन्ने हाम्रो ठम्याई छ ।

राष्ट्रिय बाल अधिकार परिषदका लागि यो प्रकाशन र यसका सुचनाहरु आगामी दिनमा गण्डकी प्रदेशमा कार्यान्वयन गर्ने बाल अधिकार संरक्षण र प्रबर्धनका कार्यक्रमहरु निर्माण गर्नका लागि अत्यन्तै सहयोगी हुने विश्वास लिएका छौं । यसले बाल अधिकारका क्षेत्रमा कियाशिल एवम् जिम्मेवार अन्य सरोकारवाला निकायहरुलाई पनि सहयोग पुग्नेछ भन्ने विश्वास हामीलाई लागेको छ । स्थिति पत्रको प्रकाशनलाई आगामी बर्षहरुमा पनि तथ्य र सुचनाको अद्यावधिक गर्दै निरन्तरता दिन जरुरी छ । यसबाट हाम्रो प्रगती, सिकाई र नयाँ सबाल र समस्याहरुको जानकारी हामी सबैलाई हुन सक्दछ ।

यस स्थितीपत्रको प्रकाशनको सुखद अवसरमा गण्डकी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री श्री नरदेवी पुनज्यू तथा सिंगो परिवार, यसमा सहकार्य गर्नुहुने इन्सेक गण्डकी प्रदेश कार्यालय एवं यसका संयोजक शिव खकुरेलज्यू एवं यस प्रदेशमा बाल अधिकारका क्षेत्रमा कार्यरत सम्पूर्ण नागरिक संस्थाहरुलाई बधाइ दिन चाहन्छु ।

आगामी दिनमा राष्ट्रिय बाल अधिकार परिषद र गण्डकी प्रदेश सरकारको बाल अधिकार संरक्षण र सम्वर्द्धनमा भइरहेको सहकार्य, साझेदारी र समन्वयलाई अझ बलियो बनाउने प्रतिबद्दता सहित बाल अधिकार सुनिश्चित गर्न हामी सबै एकजुट होऔं भन्ने अनुरोध गर्दछु ।

मिलनराज धरेल

कार्यकारी निर्देशक

राष्ट्रिय बाल अधिकार परिषद्

"सुनिश्चित बाल अधिकार: समृद्ध नेपालको आधार"

फोन नं. : ०१-५५५०१२१, ५५५०१४७
Tel. : 01-5550121, 5550147

फ्याक्स : ९७७-१-५५२७५९१
Fax : 977-1-5527591

E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np

जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मिति : २०७७ असार ३० गते

शुभकामना !

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

अन्य उमेर समूहका मानिसभन्दा बालबालिकाका रूचीहरू फरक हुन्छन् । बालबालिका आफ्नो अधिकारका बारेमा जानकार नहुन सक्छन् । उनीहरूको अधिकारको रक्षा गर्ने जिम्मेवारी बाल उमेर पार गरेकाहरूकै हुन्छ । बालबालिकालाई आफ्नो अधिकार प्रयोग गर्न र सत्मार्गमा हिँडाउने काम घर परिवारका साथै समाजको हुन्छ भन्ने कुरामा दुई मत छैन । देशका कर्णधार वा भविष्य भनिने बालबालिकामध्ये कैयन् वर्तमानमै असुरक्षित रहेको तथ्याङ्कले देखाएको छ । उनीहरूको सुरक्षाको प्रमुख दायित्व परिवार र समाजको नै हुन्छ ।

सुखी नेपाली समृद्ध नेपाल भन्ने नारा लिएर अघि सरेको सरकारको नारा सफल हुनका लागि बालबालिकाको अधिकार उपभोग पहिलो प्राथमिकतामा पर्नुपर्दछ । भोलिको समाज कस्तो हुने भन्ने कुरा अहिलेका बालबालिकाको सिकाइ र भोगाइले निर्धारण गर्ने हुँदा सोको लागि राज्यको लगानी यथेष्ट हुनु जरूरी छ । समृद्धि हासिल गर्नका लागि बालबालिकाका चारै किसिमका अधिकार उच्च प्राथमिकतामा पर्नुपर्छ । संविधान र कानुनमा अधिकार लेखेर मात्रै हुँदैन कार्यान्वयनको पाटो निकै बलियो हुनु आवश्यक छ । भएका कानुन र संयन्त्रलाई प्रभावकारी बनाउनु पर्ने अहिलेको आवश्यकता हो । यो कार्यमा तीनै तहका सरकारले पहलकदमी लिनु जरूरी छ । त्यस्ता पहल कदमीमा नागरिक संस्थाले साथ र सहयोग अवश्य पुऱ्याउनु पर्छ । नागरिक दायित्वसहित क्रियाशील इन्सेकले यस्ता सत्कर्ममा आफ्ना कदम अगाडी बढाउँदै आएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेश कार्यालय, पोखराले गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयसँग सहकार्य गरी आर्थिक वर्ष २०७६/०७७ मा गण्डकी प्रदेश: बालबालिकाको स्थिति प्रतिवेदन-२०७७ प्रकाशन गर्न लागेको खबरले खुसी तुल्याएको छ । सरकार र नागरिक समाजको हातेमालो बिना समाजमा अधिकार स्थापित गर्न निकै कठिन हुन्छ । उक्त कुरालाई बोध गर्दै प्रदेश सरकार र नागरिक संस्था इन्सेकको सहकार्यले यहाँका बालबालिकाको स्थिति मात्रै सार्वजनिक हुँदैन कि सरकार र नागरिक संस्थाको सहकार्यको उदाहरणसमेत प्रस्तुत गर्छ । यो उदाहरणीय काममा लाग्नु हुने सबैप्रति धन्यवाद दिंदै गण्डकी प्रदेशका बालबालिकाको स्थिति प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

डा. इन्दिरा श्रेष्ठ
अध्यक्ष

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org

NGO Federation of Nepal
Gandaki Province,Pokhara

गैर सरकारी संस्था महासंघ नेपाल
NGO Federation of Nepal
गण्डकी प्रदेश समिति, पोखरा
(Gandaki Province Committee, Pokhara)

मिती : २०७७/०५/०१

शुभ-कामना

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेश, कार्यलय पोखराद्धारा सामाजिक बिकास मन्त्रालयको सहयोगमा २०७६ श्रावण महिना देखि २०७७ असार मसान्त सम्ममा यस प्रदेशमा बालबालिकाको स्थिति २०७७ प्रकाशन गर्न गैरहेको खबरले अति नै खुसी लागेको छ । मानव अधिकारको संरक्षण र प्रवर्धनमा इन्सेकको भुमिका सदा श्रहानीय छ र यस पुस्तकको प्रकासनले गण्डकी प्रदेशका बालबालिकाको वास्तविक अवस्था उजागर गर्नुका साथै उक्त पुस्तकमा उजागर गरिएका सवालहरुलाई समेटेर निति तथा योजना बनाउन र कावार्यान्वयन गर्नमा नेपाल सरकार गण्डकी प्रदेश र यस मातहतका बालबालिकाका सवालमा कृयाशिल संघसस्था, नागरिक समाज र पत्रकार तथा अन्य सरोकारवालाहरुलाई सहयोग पुग्नेछ भन्ने कुरामा म विस्वास्त छु ।

यस प्रकाशनको सफलताको शुभ-कामनाका साथै नजिकिदै गरेको नेपालीहरुको महान पर्वहरु कोभिड १९का कारण बिगतमा झै हर्सउल्लासका साथ मनाउन नपाए पनि हामी जहां छौं त्यहीं रहेर मनाउनका लागि गैरसरकारी संस्था महासंघ नेपाल, गण्डकी प्रदेश र मेरा व्यक्तिगत तर्फबाट हार्दिक मंगलमय शुभ-कामना समेत व्यक्त गर्दछौं ।

बिना सिलवाल
अध्यक्ष
गैरसरकारी संस्था महासंघ नेपाल, गण्डकी प्रदेश

(A National Federation of NGOs in Nepal)
Pokhara-7, Janpriya Marga, Ratnachowk, Tel /Fax No. :) 00977-61-466992
www.ngofederation.org, Email: nfnprovince4@gmail.com,nfnwrc@outlook.com

भूमिका

सामान्य अर्थमा भन्दा बालबालिकाका सम्पूर्ण आवश्यकताहरू नै बाल अधिकार हुन् । विशेषगरी भ्रुणको रूपमा आमाको गर्भमा आएदेखि जन्मिएर वयस्क अवस्थामा नपुगुञ्जेल उसलाई आवश्यक पर्ने सम्पूर्ण कुराहरू नै उसका अधिकार हुन् । जस्तै गर्भमा रहेको अवस्थामा आमाको लागि आवश्यक पर्ने पौष्टिक खानेकुरा, खोपहरू, स्वस्थ रूपमा जन्मन पाउने र जन्मिसकेपछि आवश्यक पर्ने खोप गाँस, बास, कपास, आमाबाबुसँग सँगै बस्न पाउने, राष्ट्रियताको पहिचान, माया, शिक्षा प्राप्त गर्न पाउने, हेला तथा दुर्व्यवहारबाट सुरक्षित हुन पाउने, इज्जत प्राप्त गर्न पाउने, श्रमशोषणबाट मुक्त हुन पाउने, आफ्नो विचार अभिव्यक्त गर्न पाउने, सङ्गठित हुन पाउनेलगायतका अधिकारहरूलाई नै बाल अधिकार भनिन्छ ।

यिनै अधिकारहरूलाई समेटेर चार समूहमा विभाजन गरिएको छ । जसलाई बाल बचावटको अधिकार, बाल संरक्षणको अधिकार, बाल विकासको अधिकार र बाल सहभागिताको अधिकार भनेर भनिन्छ । सन् १९२३ को बाल अधिकारसम्बन्धी अवधारण सन् १९८९ सम्म आइपुग्दा बाल अधिकार महासन्धिमा परिणत भयो । यहि महासन्धिलाई सन् १९९० सेप्टेम्वर १४ का दिन नेपाल सरकारले हस्ताक्षर गऱ्यो । साथै यसलाई कार्यान्वयन गर्नका लागि तत्कालीन सरकारले २०४८ सालमा बालबालिकासम्बन्धी ऐन, (वर्तमान सरकारले बालबालिकासम्बन्धी ऐन २०४८ लाई प्रतिस्थापन गरी बालबालिकासम्बन्धी ऐन २०७५) जारी गरिसकेको अवस्था विद्यमान छ ।

त्यसैगरी बालबालिकासम्बन्धी नियमावली २०५१, बालश्रम निषेध र नियमित गर्ने ऐन २०६३, लगायत थुप्रै कानुनहरू निर्माण गरी कार्यान्वयनमा छन् । बाल

बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू
(२०७६ साउनदेखि २०७७ असारसम्म)



अधिकारको क्षेत्रमा भएको अर्को महत्वपुर्ण कदम भनेको नेपालको संविधान २०७२ को मौलिक हकको धारा ३९ हो । यही धारामा महत्वका साथ बाल अधिकारलाई सुनिश्चितता गरेको छ । त्यसैगरी बाल अधिकार संरक्षण गर्नका लागि विभिन्न संरचनाहरूको निर्माण गरिएको छ । जस्तो राष्ट्रिय मानव अधिकार आयोग भित्र बाल अधिकार फोकल पर्सन, महिला तथा बालबालिका बेचबिखनविरूद्ध राष्ट्रिय समाधिक्षकको कार्यालय, ज्येष्ठ नागरिक, महिला तथा बालबालिका मन्त्रालय, खोजतलास समन्वय केन्द्र, बाल हेल्पलाइन १०९८, बालमैत्री स्थानीय शासन, बालक्लवहरू बालइजलास, हाल आएर ति जिम्मेवारी हेर्नका लागि प्रदेशमा सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखालगायतका निकाय स्थापित भएका छन् भने केन्द्रमा केन्द्रिय बालकल्याण परिषद समेत गठन भएको अवस्था छ ।

यति हुँदा हुँदैपनि हाम्रो मुलुकमा बाल अधिकारको अवस्थामा सन्तोषजनक रूपमा सुधार हुन भने सकेको छैन । दिनप्रतिदिन बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू बढ्दै आएको इन्सेकले अभिलेख गरेको तथ्याङ्कले देखाएको छ । २०७६ साउनदेखि २०७७ असारसम्मको तथ्याङ्क अनुसार गण्डकी प्रदेशमा एक जनाको हत्या भएको छ । बलात्कारका घटनामा ३४ जना, यौन दुर्व्यवहारका घटनामा ३६ जना, बालश्रमका घटनामा ६ जना, बालविवाहका घटनामा तीन जना, विद्यालयमा दिइएको शारीरिक दण्ड सजायबाट चार जना पीडित भएका छन् । यो अवधिमा एक जना 'बेपत्ता' भएको घटना अभिलेखित छ । यस प्रतिवेदनमा सङ्ग्रह गरिएका घटनाको फलोअप विवरण इन्सेकले अध्यावधिक गर्ने नै छ । प्रतिवेदनमा केही प्रतिनिधिमूलक घटना मात्रै समावेश गरिएको छ । प्रतिवेदन तयारीमा सकेसम्म त्रुटीरहित बनाउने प्रयास गरिएको छ । कहिँ कतै भूलवश त्रुटि हुन गएमा मुल अभिलेखमा सच्याइने छ ।

बाल अधिकारको विद्यमान अवस्थालाई उजागर गरी बाल अधिकारको अवस्थामा सुधार ल्याउन बालबालिकाका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्न यो प्रतिवेदनले पक्कै पनि सहयोग पुग्ने नै छ भन्ने हामीलाई लागेको छ । प्रतिवेदन तयारीका क्रममा यस अवधिको पहिलो सात महिना सहज भएपनि कोरोना भाइरसको विश्वव्यापी असरका कारण चैतबाट परेको प्रभाव र कठिन परिस्थितिका बावजुद पनि आवश्यक अनुगमन, अभिलेखीकरण तथा सूचना सम्प्रेषणमा सहयोग गर्नुहुने यस प्रदेशका सबै जिल्लाका इन्सेक प्रतिनिधि, व्यवस्थापकीय कामका लागि प्रदेश कार्यालयका मधु पन्थी, सामग्री संयोजनका लागि नुपुर गुप्ता र सवनम शर्मा, सामग्री सम्पादन गरी किताब तयारीमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने इन्सेक अनलाइनका सम्पादक रमेशप्रसाद तिमल्सिना र लेआउट तथा साजसज्जामा सहयोग गर्नु हुने इन्सेक केन्द्रीय कार्यालयका गोविन्द त्रिपाठीप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी यसका साथै यस प्रतिवेदन प्रकाशनका लागि प्रत्यक्षपरोक्ष सहयोग गर्नुहुने सबैप्रति धन्यवाद दिँदै अर्थिक सहयोग गर्ने गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

शिवप्रसाद खकुरेल

संयोजक, इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा

सम्पादकीय

नेपालको संविधानले १८ वर्ष मुनिका व्यक्तिलाई बालबालिका भनेको छ। यो उमेर समूह मानव जीवनको अत्यन्तै संवेदनशील अवधि हो। यतिबेला बालबालिकाप्रति गरिने व्यवहारले उनीहरूको भविष्यको बाटो तय हुनसक्छ। कानुनले निर्धारण गरेका व्यवस्थालाई व्यवहारमा उतारेर बालमैत्री व्यवहारले समुन्नत समाज निर्माणका लागि कोशेढुङ्गा सावित हुनसक्छ। त्यसैले घरपरिवार, विद्यालय, समाज सबै ठाउँमा बालबालिकाको संरक्षणका लागि विशेष व्यवस्था गर्नुपर्छ। यो काममा सरकारी तथा गैरसरकारी पहलप्रयासमा बृद्धि भएको भएपनि यथेष्ट हुन सकिरहेको छैन।

अन्य उमेर समूहका मानिसभन्दा स्वभावैले बालबालिकाका रूचीहरू फरक हुन्छन्। उनीहरू आ नो अधिकारका बारेमा त्यति जानकार नहुन सक्छन्। तर, जिज्ञासू भने अवश्य हुन्छन्। देशका कर्णधार वा भविष्य भनिने बालबालिकामध्ये कैयन् वर्तमानमै असुरक्षित रहेको तथ्याङ्कले देखाएको छ। हिंसा, शोषण, दुर्व्यवहार र उपेक्षाबाट सुरक्षित हुन पाउनु आम बालबालिकाको आधारभूत अधिकार हो। २०७६ साउनदेखि २०७७ असार मसान्तसम्म गण्डकी प्रदेशमा ८५ जना बालबालिका हिंसाबाट पीडित भएका इन्सेकले अभिलेख गरेको छ। अभिलेखित तथ्याङ्क अनुसार विभिन्न घटनामा ७६ जना बालिका र ९ जना बालक पीडित बनेका हुन्। यो अवधिमा सबैभन्दा बढी ७० जना बालबालिका यौनजन्य घटनामा पीडित भएका छन्। अभिलेखित घटनामा बाल श्रम, बाल विवाह, विद्यालयमा हुने शारीरिक हिंसाका पीडितको विवरण समाविष्ट छन्। घटनाको प्रवृत्ति हेर्दा समाजमा अझैपनि पूर्ण रूपमा बालमैत्री शिक्षाप्रणालीको विकास भइसकेको छैन। यद्यपि धेरै विद्यालयमा बालमैत्री शिक्षण अभ्यास थालिएको छ। प्रदेशका धेरैजसो विद्यालयका भवन बालमैत्री छैनन्। छात्राहरूका लागि उचित शौचालयको व्यवस्था छैन। अत्यन्त न्यून सङ्ख्यामा अपाङ्गमैत्री विद्यालय भएपनि विद्यालयसम्म पुग्ने बाटो नै अपाङ्गतामैत्री नहुँदा अपाङ्गता भएका बालबालिकामा अन्यको तुलनामा थप समस्या रहेको अवस्था विद्यमान छ।

बालबालिकाका चार आधारभूत अधिकारका पाटाहरू बाँच्न पाउने अधिकार, संरक्षण पाउने अधिकार, विकास गर्न पाउने अधिकार र सहभागी हुन पाउने अधिकारलाई सुनिश्चित गर्न सक्दा मात्रै सुनौलो नेपाल बन्न सक्छ। बालबालिकाका यि अधिकारको सुनिश्चिततालै भविष्यमा समाजमा शान्ति स्थापना हुन सक्छ। समृद्ध नेपालको निर्माण हुन सक्छ। बालबालिकाको अधिकारको संरक्षणमा अहिले हामीले चालेका सकारात्मक कदमले समृद्ध नेपालको लक्ष्य प्राप्तिको नतिजा चाँडै हात लाग्न सक्छ।

बालबालिका र बाल अधिकारसम्बन्धी केही तथ्य/तथ्याङ्क

- संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ लाई नेपालद्वारा सन् १९९० को १४ सेप्टेम्बरमा (भदौ २९, २०४७) अनुमोदन
- नेपालको संविधानमा धारा ५१ राज्यको नीति अन्तर्गत बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकतामा राखिएको
- संविधानको भाग ३ मौलिक हकभित्र धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० ओटा उपधारामा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता एवम् बाल अनुकूल न्याय जस्ता विषयहरू समेटी सर्वाङ्गीण विकासको प्रत्याभूति
- बालबालिकासम्बन्धी ऐन, २०७५ मा बालबालिकाका १३ ओटा मूलभूत अधिकारहरू सुनिश्चित
- २०६८ सालको जनगणना अनुसार १८, १६ र १४ वर्षमुनिका बालबालिका क्रमशः ४१.८४, ३७.३७ ३२.३५ प्रतिशत
- २०७६ सालमा एसइइ परीक्षा दिने विद्यार्थी ४,८२,९८६ जना
- एक विद्यालय एक नर्सको कार्यक्रम सञ्चालनमा छ ।

नेपालको संविधान र बाल अधिकार

धारा ३९: बालबालिकाको हक

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइनेछैन ।

५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइनेछैन ।

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन ।

८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०. उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

यस अतिरिक्त संविधानका तल उल्लेख गरिएका धाराहरू बालबालिकाका लागि पनि आकर्षित हुन्छन् :

- धारा १८. समानताको हक
- धारा २०. न्याय सम्बन्धी हक
- धारा २९. शोषण विरुद्धको हक
- धारा ३१. शिक्षा सम्बन्धी हक
- धारा ३५. स्वास्थ्य सम्बन्धी हक
- धारा ४०. दलितको हक
- धारा ४२. सामाजिक न्यायको हक
- धारा ४३. सामाजिक सुरक्षाको हक
- धारा ५१. राज्यका नीतिहरू
- (झ३) बालश्रम लगायत श्रमशोषणका सबै रुपको अन्त्य गर्ने,
- (ञ५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने,

बालबालिकासम्बन्धी ऐन, २०७५ का केही मुख्य दफाहरू

दफा	मुख्य शीर्षक
३	बाँच्न पाउने अधिकार
४	नाम, राष्ट्रियता र पहिचानको अधिकार
५	भेदभाव बिरुद्धको अधिकार
६	बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार
७	संरक्षणको अधिकार
८	सहभागिताको अधिकार
९	अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार
१०	संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार
११	गोपनीयताको अधिकार
१२	अपाङ्गताभएका बालबालिकाको विशेष अधिकार
१३	पोषण तथा स्वास्थ्यको अधिकार
१४	खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार
१५	शिक्षाको अधिकार

बालबालिका प्रतिको दायित्व अन्तर्गतका दफाहरूः

दफा	मुख्य शीर्षक
१६	बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने
१७	परिवार वा संरक्षकको दायित्व
१८	राज्यको दायित्व
१९	सञ्चार क्षेत्रको दायित्व
७७	बालबालिकाको कर्तव्यः बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ ।

गण्डकी प्रदेशमा बालमैत्री घोषणा गरिएका स्थानीय तह

क्र.सं.	जिल्ला	स्थानीय तह	वडा	घोषणा गरिएको मिति
	पर्वत	मोदी गाउँपालिका	८	२०७४ माघ १५
		पैयूँ गाउँपालिका	७	२०७६ असार ९
२	नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	देवचुली नगरपालिका	सबै वडा	२०७५ भदौ २९
		गँडाकोट नगरपालिका	११	२०७६ पुस ११
४	लमजुङ	क्व्होलासोथर गाउँपालिका	व वडा	२०७६ भदौ २९

स्रोतः नेशनल एिफएलजी फोरम– २०७६

वर्तमान राज्य संरचनामा बाल संरक्षण र स्थानीय तहको भूमिका

– माधव प्रधान

अहिले नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको दिसातर्फ अग्रसर छ। नेपालले बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित रहि विकेन्द्रित राज्य व्यवस्था अनुरूप राज्य सञ्चालनको अभ्यास गरिरहेको छ। यसै अनुरूप राज्य संरचनाको विकास गरी हाल नेपालमा अख्तियारी सहितका तीन प्रकारका सरकारहरू (स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकार) क्रियाशील रहेका छन् । र, तीनै सरकारहरूमा कामको आधारमा विभिन्न संरचनाहरूको निर्माण पनि भइरहेका छन् ।

बालबालिकाका हक हित संरक्षण र सम्बर्द्धनका निम्ति संविधानले बालबालिकाको केही महत्वपूर्ण हकलाई मौलिक हकका रूपमा स्पष्ट व्यवस्था गरेको छ । विशेषतः बालबालिकाको पहिचान, श्रम तथा कुनै पनि शोषणबाट बचावट, विशेष अवस्थाका बालबालिकाको संरक्षण जस्ता विषयलाई संविधानको धारा ३९ ले मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । यस धाराले बालअधिकारको सुनिस्चितता र खासगरी बालबालिकाको संरक्षण हुने हकलाई बढि जोडदिएको स्पस्ट बुझ्न सकिन्छ ।

परिवर्तित परिस्थितिमा बाल अधिकारको सम्बर्द्धन र संरक्षणको प्राथमिक दायित्व स्थानीय तहको हो । यसो भन्दा प्रदेश सरकार र सङ्घको भूमिका गौण रहेको छ भन्न खोजिएको भने पक्कै हैन । प्रदेश भित्र सरकारको र राष्ट्रिय रूपमा सङ्घीय सरकारको भूमिका पनि कम छैन । बालबालिका स्थानीय तहहरूको नजिकमा रहने भएको र हरेक बालबालिकाको जन्म दर्तादेखि खोप, प्राथमिक शिक्षा, बसाइसराई लगायतका प्राथमिक सेवाहरू स्थानीय तहबाट हुने भएकोले स्थानीय तहहरूको भूमिका प्रत्यक्ष रूपमा जोडिएको हुन्छ। बालबालिकाको हक हितमा कुनै चुनैति आएमा वा बालबालिका विरूद्ध हिंसा, दुर्व्यवहार, श्रम वा यौन शोषण, परित्यक्तता, अभिभावक विहिनता लगायतका कुनै पनि समस्या भएमा सोको जानकारी स्थानीय तहलाई हुने भएकाले सो अवस्थाबाट जोगाउने पहिलो दायित्व समेत स्थानीय तहको हो ।

यसैगरी आफ्नो प्रदेश भित्रका कुनै पनि बालबालिकाको अधिकार संरक्षण र सम्बर्द्धनमा स्थानीय तहहरूसँग समन्वय र सहकार्य गर्नु प्रदेश सरकारको जिम्मेवारी हुन आउँछ । स्थानीय तह र प्रदेश सरकारसँग समन्वय गरी सम्पूर्ण बालबालिकाको

हकहित संरक्षण र प्रवर्धन गर्ने जिम्मेवारी सङ्घीय सरकारको हुन्छ । यसर्थ सङ्घको जिम्मेवारी समग्र बालबालिकाको हितको निम्ति राष्ट्रिय नीति, सङ्घीय कानुन, आवधिक योजना तर्जुमा गर्ने प्रमुख जिम्मेवारी रहन्छ भने प्रदेश भित्रका बालबालिकाको निम्ति राष्ट्रिय नीति, कानुन र आवधिक योजनाका आधारमा प्रदेशको बस्तुस्थिति अनुरूपको नीति, कानुन र कार्ययोजना बनाई स्थानीय तहहरूसँग समन्वय गर्ने जिम्मेवारी प्रदेश सरकारको हुन्छ । स्थानीय तहले भने सङ्घ र प्रदेश सरकारले तय गरेका नीति, कानुन र योजनाहरूलाई मध्यनजर गरी सोअनुरूप स्थानीय परिवेश अनुरूपको नीति, कानुन र कार्ययोजना बनाई बालबालिकालाई प्रत्यक्ष सहयोग गर्ने कायहरू गर्ने जिम्मा स्थानीय तहको हुन आउँछ । यसर्थ बाल संरक्षणका कुनैपनि विषयमा स्थानीय तह प्रत्यक्षरूपमा सरोकार राख्ने स्थानीय सरकार हो भन्ने कुरामा अब दुईमत रहँदैन ।

हाल तीन तहका सरकार विद्यमान रहेको अवस्थामा बालबालिकाको मुद्दाहरू खासगरी बाल संरक्षणका विषयहरूलाई यी सरकारहरूले कसरी सम्बोधन गरिरहेका छन् त ? बालबालिकाको विषय हेर्ने के कस्ता संरचनाहरूको विकास गरिएको छ त ? यस विषयमा चर्चा गर्नु प्रासङ्गिक हुन आउँछ । स्थानीय तहमा बालबालिका, महिला, अपाङ्गता भएका तथा ज्येष्ठ नागरिकका विषयलाई हेर्ने सामाजिक विकास शाखा कुनै स्थानीय तहमा महाशाखा भनेर छुट्टै संरचनाको विकास गरिएको छ । उक्त शाखालाई हेर्ने कर्मचारीहरूको व्यवस्था समेत गरिएको छ । बालबालिकाका समग्र विषयलाई हेर्न बाल कल्याण अधिकारी, बाल मनोविमर्शकर्ता र सामाजिक कार्यकर्ताको व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०७५ ले गरेको छ । तर, यो ऐन बनेको दुई वर्ष बितिसक्दा पनि बालबालिकासम्बन्धी नियमावली बन्न सकेको छैन र देशका ७ सय ५३ ओटै स्थानीय तहहरूका सामाजिक विकास शाखाहरू बाल कल्याण अधिकारी, बाल मनोविमर्शकर्ता र सामाजिक कार्यकर्ताविहीन अवस्थामा छन् । अत्यन्त न्यून कर्मचारी चलिरहेको यी शाखाबाट बालबालिकाको विषय प्राथमिकतामा परेका छैनन् र ठूलो सङ्ख्यामा समस्यामा परेका बालबालिका स्थानीय तहबाट पाउनु पर्ने सेवा र सहयोगबाट वञ्चित हुन पुगेका र बेवास्तामा पर्ने गरेका तथ्यहरू प्रकाशमा आइरहेका छन् । यस्तै गरी प्रत्येक प्रदेशमा बालबालिका, महिला, अपाङ्गता भएका तथा ज्येष्ठ नागरिकका विषयलाई हेर्न सामाजिक विकास मन्त्रालयको व्यवस्था गरिएको छ । यी मन्त्रालयहरूले पनि बालबालिका केन्द्रित नीति, कानुन र कार्ययोजना बनाएर स्थानीय तहहरूसँग समन्वय गर्न खासै पहल गरेको पाइँदैन । सङ्घमा बालबालिका, महिला, अपाङ्गता भएका तथा ज्येष्ठ नागरिकका विषयलाई हेर्ने बालबालिका, महिला तथा ज्येष्ठ नागरिक मन्त्रालय रहेको छ । उपरोक्त तीन नै सरकारहरूमा आवश्यक नीति, कानुन, योजना र संरचना एवं कर्मचारीहरूको अभावमा बालाबालिकाका मुद्दाहरू सम्बोधन हुन सकिरहेका छैनन् र संविधानले परिकल्पना गरे जस्तो बालबालिकाको हक हित संरक्षण हुन सकिरहेको छैन ।

यसको अतिरिक्त बालबालिकाको संरक्षण संरचनाको रूपमा यस मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद पनि रहेको छ । प्रदेश सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा प्रदेश बाल अधिकार समिति र स्थानीय तहमा उपप्रमुख वा उपाध्यक्षले तोकेको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समितिको व्यवस्था गरिएको छ । तर, अधिकाँश स्थानीय तह र प्रदेशमा यी समितिहरूको अभ्फैपनि गठन हुन सकेका छैनन् । यसैगरी बालबालिका विरूद्धका घटनालाई सम्बोधन गर्न तथा कुनै पनि प्रकारको जोखिम अवस्थामा बालबालिकाको तत्कात उद्धार, राहत, संरक्षण तथा परामर्श सेवाको माध्यमबाट बालबालिकाको समस्यालाई सम्बोधन गर्न देशमा १२ ओटा बाल हेल्पलाइन नेपाल (१०९८) हरू सञ्चालित छन् । स्थायी संरचनाको रूपमा रहेका यी हेल्पलाइनहरूले स्थानीय तह, प्रदेश र सङ्घीय निकायहरूसँग समन्वय गरी बालबालिकाको समस्यालाई सम्बोधन गर्न क्रियाशील रहेका छन् । यसैगरी हराएका, बेवारिस फेला पारिएका र बेचबिखन तथा ओसारपसारमा परेका बालबालिकाको तत्काल उद्धार र संरक्षणको निम्ति बालबालिका खोजतलास तथा समन्वय केन्द्र (१०४) को सञ्चालन राजधानी काठमाडौँबाट भइरहेको छ भने प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरू मार्फत देशका अन्य प्रहरी कार्यालयहरूमा पनि यो सेवा उपलब्ध भइरहेको छ ।

उपरोक्त विवेचनाबाट बालबालिकाको हक हित संरक्षण, बाल अधिकारको सम्मान र सम्बर्द्धनको निम्ति स्थानीय तहहरूको भूमिका अत्यन्तै महत्वपूर्ण र जिम्मेवारीयुक्त रहेको स्पष्ट हुन्छ । बालबालिकाले पर्खँदैनन् र समस्या भएका बालबालिका जोखिमताले उनीहरूमा पर्ने शारीरिक र मानसिक रूपमा पर्ने प्रभावले विकशित हुने कुण्ठा, प्रतिशोध, कुलत, कुसङ्गत, अपराध, हिनताबोधले उनीहरूको समग्र जीवन र विकासमा प्रत्यक्ष असर पार्दछ भन्ने कुरालाई स्थानीय तहहरूले ख्याल गर्नु पर्दछ । यस अवस्थामा स्थानीय तहको सानो सहयोग, अवसर, परामर्श र भूमिकाले बालबालिकाको जीवनमा ठूलो परिवर्तन हुन सक्छ भन्ने कुरालाई समेत स्थानीय तहले मध्यनगर गरी बालबालिकासम्बन्धी नीति, कानुन, कार्ययोजना र बालबालिका केन्द्रित संरचनाको विकास क्रियाशीलतालाई प्राथमिकताका साथ अगाडि बढाउनु आजको अपरिहार्यता हो ।

(प्रधान बाल मजदुर सरोकार केन्द्र (सिविन) का अध्यक्ष हुनुहुन्छ)

कोही बालबालिका समस्यामा पर्नु भयो भने सिविनद्वारा निःशुल्क रूपमा सञ्चालित बाल हेल्पलाइनको १०९८ मा र बालबालिका खोजतलास समन्वय केन्द्रको १०४ मा फोन गर्नु हुन अनुरोध छ ।

स्थानीय तहमा बालसंरक्षण नीति वा मापदण्ड

– मधु दवाडी

स्थानीय बाल अधिकार समितिले के के कार्य गर्ने ?

(१) **समग्र बाल अधिकार नीतिगत क्षेत्रको प्रबन्ध**

- बालबालिकाको खण्डिकृत स्थितिपत्र तयारी, प्रकाशन तथा अद्यावधिक गर्ने र बालबालिकासम्बन्धी रणनीतिक योजना तथा कार्ययोजना निर्माण
- बालबालिकासम्बन्धी स्थानीय कानुन, नियम तथा नीतिहरूको निर्माण गरी लागु गर्ने
- नगरपालिका, गाउँपालिका तथा वडा तहमा बाल अधिकार समितिहरूको निर्माण तथा परिचालन
- स्थानीय बाल संरक्षण कोष स्थापना र संचालन
- बाल संरक्षण समितिहरूको लागि क्षमता विकास कार्यक्रम बाल संरक्षण समितिको गठन पुनर्गठन, नियमित बैठक र परिचालन
- बालविवाह, बाल श्रम अन्त्यका लागि होटल, कल काराखाना, यातायात क्षेत्र, बालगृह लगायतको निरन्तर अनुगमन
- बाल अधिकार समितिहरूको नियमित क्षमता विकास
- स्थानीय तह तथा प्रत्येक वडामा बालमैत्री शाखा गठन, व्यवस्थापन तथा क्षमता विकास
- बालबालिका र जन प्रतिनिधि बीच अन्तरसम्वाद व्यवस्था
- नियमित रूपमा गाउँ तथा नगर बाल भेलाको आयोजना

(२) **बाल बचाउ (स्वास्थ्य र पोषण)**

- गर्भवती महिलाले टिटानस विरूद्धको २ ओटा खोप, गर्भवती तथा सुत्केरी आमाहरूले आइरन चक्की (जम्मा २२५ ओटा) खाएका, ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएको सुनिश्चितता,
- ६ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल, एक वर्ष भित्रका प्रत्येक बालबालिकाले पूर्ण खोप, कम तौल, पुड्को र ख्याउटेपन हुन नदिने उपाएका लागि लगानी,
- चर्पी गएपछि, दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि सावुन पानीले हात धुने अभियानहरू
- गर्भवती तथा सुत्केरी अवस्थामा गरिनुपर्ने हेरचाह तथा पोषण र पूर्ण स्तनपानका लागि जनचेतना कार्यक्रमहरूको प्रबन्ध,
- प्रजनन् स्वास्थ्य, महिनावारी सरसफाई, पोषण, पूर्ण सरसफाई जस्ता

विषयहरूमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम विपन्न परिवारका गर्भवती र सुत्केरीलाई पोषणयुक्त सामग्रीको वितरण

- बर्थिङ सेन्टरको स्थापना र सञ्चालन, नवजात शिशु स्याहार कार्यक्रम (न्यानो कपडालगायत)
- विषेश संरक्षण आश्यकता भएका बालबालिकाको लागि पोषण कार्यक्रम
- किशोर किशोरी प्रजनन् शिक्षा कार्यक्रम, विद्यालयमा स्वास्थ्यकर्मी र मनोविमर्श कार्यक्रम ।

(३) **बाल संरक्षणका सम्बन्धमा**

- बाल संरक्षण मापदण्डको कार्यान्वयन गर्न स्थानीय बाल संरक्षण प्रणालीलाई सुदृढ गर्ने ।
- सबै बालबालिकाको जन्म दर्ता कार्यक्रम,
- विषेश संरक्षण आश्यकता भएका बालबालिकाको पहिचान कार्यक्रम,
- बाल विवाहविरूद्धका कार्यक्रम, बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना कार्यक्रम गरी बालश्रमको अन्त्य गर्ने कार्यक्रम,
- बालबालिकाविरूद्ध हुने शारीरिक तथा मानसिक दण्ड सजायका हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुर्व्यवहारविरूद्ध र कुप्रथा विरूद्धका कार्यक्रम,
- बालबालिकाविरूद्ध हुने शोषण र दुर्व्यवहार, शारीरिक तथा मानसिक दण्ड सजायको अन्त्य गर्ने प्रवन्ध र अनुगमन,
- विपदको परिस्थितिमा बालबालिकाको संरक्षणलाई प्राथमिकता दिएर कार्य गर्ने ।
- मनोविमर्श सेवाको व्यवस्था गर्ने ।
- बालबालिकालाई हुनसक्ने दुर्घटना, जोखिमका र अनलाइन सेवाको दुष्प्रभावबाटे न्यूनीकरण गर्ने
- सूर्तिजन्य पदार्थ, मद्यपान तथा लागूपदार्थको प्रयोगलाई निषेधित गर्ने
- सडक बालबालिकाको संरक्षण तथा उद्धार र पुनः स्थापनाका कार्यक्रम
- बाल अधिकार उल्लङ्घनका घटना व्यवस्थापन (मानवश्रोत र कार्यक्रम)
- बाल हिंसा न्यूनीकरणका लागि अभिभावकलाई सचेतना तथा अभिमूखीकरण
- अनाथ र असहाय बालबालिकाको संरक्षणका लागि विशेष कार्यक्रम
- बालबालिका तथा किशोरकिशोरी सचेतना
- बाल गृहबाट बाबुआमा वा एक अविभावक भएका बालबालिकाको पारिवारिक पुनर्स्थापना सहयोग,

माथि उल्लेखित कार्य गर्न केही मापदण्ड वा ढाँचा वा कार्यविधि तयार गर्नु पर्दछ । केही निम्न रहेका छन् ।

- बाल हिंसाविरूद्धको उजुरी संयन्त्र र कारवाही कार्यविधि

- बालबालिकाको लागि लगानीको मापदण्ड वा ढाँचा
- बालबालिकाको उमेर र लैङ्गिकता अनुसार सम्बोधन गर्ने ढाँचा
- बालबालिकाको शारीरिक, मानसिक र मनोसामाजिक सम्बोधन गर्ने मापदण्ड
- गरिबीका रेखामुनी र जोखिम परिस्थितिका बालबालिकाको लागत र संरक्षणका मापदण्ड वा ढाँचा वा कार्यविधि (लगानी योजना सहितको),
- बालमैत्री वातावरण, भाषा व्यवहारको मानक
- असमर्थ पीडित र प्रभावित बालबालिकाहरूलाई द्रुत सम्बोधन मापदण्ड वा ढाँचा वा कार्यविधि
- बालबालिकाको सर्वोत्तम हितको मापदण्ड
- बालबालिकाको बिचार र सहभागिता मापदण्ड वा ढाँचा वा कार्यविधि

स्थानीय तहमा बालसंरक्षणका क्षेत्रमा दफा ५७ बमोजिम आचारसंहिता तत्काल बनाउन सक्ने ।

आचारसंहिता ढाँचाः स्थानीय रूपमा छलफल गरी गर्नु पर्ने काम र गर्न नहुने कामको सूची बालबालिकाको सहभागितामा बनाएर संचेतना गर्ने ।

विषय	गर्नु पर्ने काम	गर्न नहुने काम
बालश्रम सम्बन्धमा		
बाल विवाह सम्बन्धमा		
यौन दुर्व्यवहार सम्बन्धमा		
जन्म दर्ता सम्बन्धमा		
हिंसा, बेचबिखन, शोषण, बेवास्ता सम्बन्धमा		
दुर्व्यवहार, शारीरिक तथा मानसिक दण्ड सजायको सम्बन्धमा		
मनोविमर्शसेवाको सम्बन्धमा		
अनलाइन सेवाको दुष्प्रभावबाट बचाउने सम्बन्धमा		
सूर्तिजन्य पदार्थ, मद्यपान तथा लागूपदार्थको प्रयोगलाई निषेध सम्बन्धमा		
सडक बालबालिकाको संरक्षण तथा उद्धार र पुनःस्थापना सम्बन्धमा		
अनाथ र अहाय बालबालिकाको संरक्षणका सम्बन्धमा		
अन्य पहिचान गरिएका विषयका सम्बन्धमा		

(दवाडी बाल अधिकार अनुसन्धानकर्ता तथा सिजपका कार्यक्रम निर्देशक हुनुहुन्छ)

जिल्लागत आधारमा बालबालिकाको अवस्था

तनहुँ



जम्मा जनसङ्ख्या	३,२६,७४५
महिला	१,८४,६६४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	४७,५३५
कामका लागि बाहिरिएका	४६,३८७
अपाङ्गता भएका	६,६६८
५ वर्षमाथिको साक्षरता प्रतिशत	७४.०८
आश्रित जनसङ्ख्या	१,४१,३००

तनहुँ जिल्लामा ३ सय १५ प्रावि, ७३ आधारभुत र.१ सय ८ सामुदायिक मावि छन् । शिक्षक दरबन्दीको विवरण यस वर्ष कुनै पनि स्थानीय तहसँग छैन । जिल्लामा रहेको अपाङ्गमैत्री विद्यालयको तथ्याङ्क उपलब्ध छैन । तर, भूकम्पबाट क्षति भएको १ सय ६५ विद्यालयमध्ये पूर्ण रूपमा निर्माण सम्पन्न भइसकेका ५२ विद्यालय अपाङ्गता मैत्री छन् । छात्रबृत्ति पाउने दलित बालबालिकाको तथ्याङ्क शिक्षा विकास तथा समन्वय एकाइ कार्यालयसँग छैन । सहिद र द्वन्द्वपीडित परिवारका १२ जना बालबालिकाले पनि छात्रवृत्ति पाएका छन् । यसबाहेक

घटनाको प्रकार	अन्य पक्षबाट	
	बालिका	जम्मा
बाल विवाह	१	१
विद्यालयमा शारीरिक दण्ड सजाय	१	१
बलात्कार	२	२
जम्मा	४	४

संस्थागत विद्यालयको तथ्याङ्क र यसमा अध्ययन गर्ने बालबालिकाको संख्या पनि शिक्षा विकास तथा समन्वय एकाइसँग छैन । स्थानीय तहरूले पनि संस्थागत विद्यालयको तथ्याङ्क राखेका छैनन् ।

२०७७ सालमा विद्यार्थी भर्ना तथा पठानपाठन हुन सकेको छैन । कोभिड-१९ को जोखिम न्यूनिकरणका लागि सरकारले गरेको लकडाउनको कारण २०७६ चैत दोश्रो सातापछि विद्यालयहरू बन्द भएका छन् । पठनपाठन सुरू नहुँदा बालबालिकाहरू अध्ययनबाट वञ्चित भएका छन् । तनहुँमा बाल मजदुर सडक बालबालिकाको तथ्याङ्क कुनै निकायसँग पनि छैन । जिल्ला बालकल्याण समितिको विघटन भएपछि यससम्बन्धी कुनै पनि तथ्याङ्क दिने अन्य निकाय जिल्लामा छैनन् ।

यो अवधिमा दुई जना बालिका बलात्कार घटनामा पीडित भए । एक जना बालिकाको हत्या र एक जना बालिकालाई विद्यालयका शिक्षकद्वारा कुटपिट भएको घटना अभिलेखमा छन् ।

पाँच वर्षीया बालिकालाई २०७६ साउन १ गते ऋषिङ गाउँपालिका-१ घर भई व्यास नपा-७ बस्दै आएका १९ वर्षीय नवीन थापाले बलात्कार गरेको आरोपमा प्रहरीले २०७६ साउन २ गते आरोपितलाई गिरफ्तार गऱ्यो । पीडित बालिकालाई आरोपितले बलात्कार गरेको भन्दै पीडित परिवारले प्रहरीमा सोही दिन उजुरी दिएपछि गिरफ्तार गरिएको प्रहरीले जनायो । पीडित बालिकाको स्वास्थ्य परीक्षण साउन २ गते जिल्ला अस्पतालमा गरिएको छ । जिल्ला प्रहरी कार्यालयले साउन ३ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । साउन २४ गतेदेखि पुर्पक्षकोलागि थुनामा रहेका थापालाई तनहुँ जिल्ला अदालतले २०७६ पुस २ गते ४ लाख रुपियाँ जरिबाना र जन्मकैदको फैसला सुनायो ।

व्यास नपा-१४ बेलभञ्ज्याङका २५ वर्षीय पुनम नेपालीले तीन वर्षीया छोरी पुजाको हत्यापछि आत्महत्या गरेको प्रहरीले जनायो । ०७६ फागुन २९ गते दिउँसो पुनमले तीन वर्षीया छोरी पुजालाई काखमा लिएर घरको दलानमा एउटै डोरीमा झुन्डिएर आत्महत्या गरेको प्रहरी चौकी छाब्दीका असई राजु न्यौपानेले बताए । पुनमले पत्नीको सारीको पासो बनाई तीन वर्षीया छोरीलाई काखमा लिएर आत्महत्या गरेको असई न्यौपानेले जानकारी दिए ।

नवलपरासी पूर्व

जम्मा जनसङ्ख्या	३,२१,७५५
महिला	१,६९,५१७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	उपलब्ध नभएको
कामका लागि बाहिरिएका	उपलब्ध नभएको
अपाङ्गता भएका	उपलब्ध नभएको
५ वर्षमाथिको साक्षरता प्रतिशत	७०.७६
आश्रित जनसङ्ख्या	उपलब्ध नभएको

यस जिल्लामा सामुदायिकतर्फ ३ सय ४९ पूर्व प्राथमिक २ सय ३६ आधारभुत र ७७ मावि, संस्थागततर्फ १ सय १२ पूर्व प्राथमिक ४१ आधारभुत र ५३ मावि रहेका छन् । २०७६ सालमा ५० हजार ४ सय २१ जना बालक र ४६ हजार ३ सय २२ जना बालिका भर्ना भएका थिए । जसमध्ये ४ हजार ७ सय ९० जना दलित बालिका र ५ हजार १ सय २ जना दलित बालिका गरी ९ हजार ८ सय ९२ जना दलित विद्यार्थी रहेका थिए । २०७७ मा कोभिड-१९ को कारण कुनैपनि विद्यालयमा विद्यार्थी भर्नाका काम हुन सकेनन् ।

पाँच वर्षीया बालिकालाई २०७६ साउन १५ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले साउन १८ गते सुस्त मनस्थितिका १५ वर्षीय बालकविरूद्ध इलाका प्रहरी कार्यालय रजहरमा उजुरी दियो । पीडित पक्षको उजुरीपछि साउन १८ गते प्रहरीले आरोपितलाई गिरफ्तार गऱ्यो । साउन १९ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा

घटनाको प्रकार	अन्य पक्षबाट		
	बालिका	बालक	जम्मा
बाल विवाह	१		१
विद्यालयमा शारीरिक दण्ड सजाय		३	३
बलात्कार	९		९
यौन दुर्व्यवहार	७	१	८
जम्मा	१७	३	३०

लिखित उजुरी दर्ता गरायो । पीडित बालिकाको स्वास्थ्य परीक्षण साउन १९ गते जिल्ला अस्पताल चितवनमा गरियो । आरोपित बालकलाई नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्ला अदालतले साउन ३१ गते अभिभावकको जिम्मामा छाड्यो ।

१५ वर्षीया बालिकालाई २०७५ चैत २७ गते बलात्कार गरेको आरोपमा प्रहरीले चितवन जिल्ला भरतपुर महानगरपालिका-१६ घर भई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) कावासोती नपा-१३ मा बस्ने ६५ वर्षीय टेकबहादुर घलेलाई २०७६ असोज ६ गते गिरफ्तार गऱ्यो । पीडित पक्षको मौखिक उजुरीका आधारमा आरोपितलाई गिरफ्तार गरेकोमा पीडित पक्षले २०७६ असोज ७ गते प्रहरीमा लिखित उजुरी दियो । पीडित बालिका (६-७ महिनाकी) गर्भवती भएपछि घटना बाहिर आएको हो । पीडित बालिकाको स्वास्थ्य परीक्षण चितवन जिल्ला अस्पताल भरतपुरमा २०७६ असोज ७ गते भयो । नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्ला अदालतले २०७६ कात्तिक १ गते घलेलाई पुर्पक्षको लागि थुनामा पठाउने आदेश दियो ।

१५ वर्षीया बालिकालाई २०७६ भदौ २८ गते गैँडाकोट नगरपालिकाका१७ वर्षीय चार जना बालक ले बलात्कार गरेको भन्दै पीडित पक्षले भदौ २९ गते इलाका प्रहरी कार्यालय गैँडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा उजुरी दियो । पीडित पक्षको उजुरीपछि आरोपितहरूलाई प्रहरीले भदौ २९ गते गैँडाकोट नपा-२, भृकुटीचोकबाट गिरफ्तार गऱ्यो । पीडित बालिकाको स्वास्थ्य परीक्षण भदौ २९ गते जिल्ला अस्पताल भरतपुर, चितवनमा गरियो । नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्ला अदालतले असोज ३० गते आरोपितमध्येका दुई जनालाई भैरहवास्थित बाल सुधार गृहमा र दुई जनालाई अभिभावकको जिम्मामा छाड्ने आदेश दियो ।

१३ वर्षीया बालिकालाई २०७६ मङ्सिर ९ गते १६ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले मङ्सिर १० गते इलाका प्रहरी कार्यालय गैँडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा उजुरी दियो । पीडित पक्षको उजुरीपछि आरोपितहरूलाई प्रहरीले मङ्सिर १० गते आरोपितको घरैबाट गिरफ्तार गऱ्यो । पीडित बालिकाको स्वास्थ्य परीक्षण मङ्सिर १० गते जिल्ला अस्पताल भरतपुर, चितवनमा गरियो । नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्ला अदालतले २०७६ पुस ७ गते रुपन्देही जिल्लाको

भैरहवास्थित बाल सुधार गृहमा पठाइयो ।

विनयी त्रिवेणी गाउँपालिका-५ मा रहेको भानुदय माध्यमिक विद्यालयको कक्षा ८ मा अध्ययनरत १६ वर्षीय रेजन खाम्चालाई सोही विद्यालयका कम्पुटर शिक्षक शिव केसीले २०७६ माघ १४ गते कुटपिट गरेको भन्दै पीडित बालककी आमा बसन्ती खाम्चाले माघ २१ गते इन्सेक जिल्ला प्रतिनिधि र प्रहरीमा उजुरी दिनु भयो । कुटपिटबाट बालकको कानको जाली चर्केको र कानमा रगत जमेको देखिएको उहाँले बताउनु भयो । पीडित पक्षको उजुरीपछि पीडित पक्षको माग बमोजिम बालकलाई कुटपिट गर्ने शिक्षकलाई माघ २८ गतेदेखि शैक्षिक सत्र २०७६ को लागि निलम्बन गरिएको पीडित बालकका आमाले बताउनुभयो । पीडितले माग गरे अनुसार शिक्षकलाई निलम्बन गरिएको हो ।

हुप्सेकोट गाउँपालिका-४ झ्यालबासको अर्पण बोर्डिङ्ग स्कुलमा अध्ययनरत सात वर्षीय छात्र दिप्सन पाण्डे २०७६ साउन २० गते हुप्सेकोट गाउँपालिका-४ का २१ वर्षीय शिक्षक सचिन मल्लको कुटपिटबाट घाइते भए । पीडित पक्षले आरोपित शिक्षकलाई कारवाहीको माग गर्दै विद्यालयमा प्रिन्सिपल प्रेम थापासँग साउन २१ गते मौखिक रूपमा माग गऱ्यो । पीडित पक्षले इन्सेक जिल्ला प्रतिनिधिलाई समेत उनीहरूले आवश्यक समन्वय तथा सहयोगको लागि अनुरोध गऱ्यो । घटनाको विषयमा इन्सेक जिल्ला प्रतिनिधिले बोर्डिङ्गका प्रिन्सिपल प्रेम थापासँग सम्पर्क गरी घटनाका आरोपित शिक्षकलाई आवश्यक कारवाही गर्न माग गर्दै ध्यानाकर्षण गराए । अभिभावक, इन्सेक जिल्ला प्रतिनिधि, जार्गति बाल तथा युवा सरोकार नेपाललगायतका सरोकारवालाहरूले ध्यानाकर्षण गराए पश्चात पीडित पक्षको माग बमोजिम शिक्षक मल्ललाई २०७६ साउन २१ र २२ गतेको लागि विद्यालयले निलम्बन गऱ्यो । कुटपिटबाट दिप्सनको गोडामा निलडाम रहेको, मंशपेशी थिलथिलिएको र कानमा समेत निलडाम रहेको पीडितका मामा विश्व काफ्लेले जानकारी दिए । साउन २१ गते आगामी दिनमा बालबालिकालाई कुटपिट नगर्ने भनी मैखिक रूपमा माफी मागेपछि साउन २३ गतेदेखि आरोपित विद्यालयमा पढाउन आए । पीडित बालकको उपचार साउन २१ गते स्थानीय माया मेडिकलमा गरियो ।

कास्की

जम्मा जनसङ्ख्या	५,४५,४२४
महिला	२,८४,६८६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१५,३३०
कामका लागि बाहिरिएका	५७,३०५
अपाङ्गता भएका	९,२१९
५ वर्षमाथिको साक्षरता प्रतिशत	८२.०४
आश्रित जनसङ्ख्या	१,९६,५१९

कास्कीमा ३ सय ४५ आधारभूत र २ सय ८७ मावि छन् । यसवर्ष सामुदायिक विद्यालय अर्न्तगत जिल्लामा ५८ हजार ३ सय १९ विद्याथी भर्ना भए । शैक्षिक सत्र २०७६ मा पोखरा महानगरपालिकामा सामुदायिक तर्फ ४८ हजार ४ सय १२ र संस्थागततर्फ ४१ हजार ७ सय २० बालवालिका विद्यालय भर्ना भएका थिए । रुपा गाउँपालिकामा गत वर्ष २ हजार ४ सय ५९ विद्यार्थी भर्ना भएका थिए । मादी गाउँपालिकामा कुल २ हजार ९ सय १० बालबालिका विद्यालय भर्ना भए । माछापुच्छे गाउँपालिकामा भने यकिन तथ्यांक आउन सकेन । अन्नपूर्ण गाउँपालिकामा बालक २ हजार ४ सय ८८, बालिका ३ हजार ५१ भर्ना भएका

घटनाको प्रकार	अन्य पक्षबाट		
	बालिका	बालक	जम्मा
बालश्रम	३	१	४
बाल विवाह	१		१
विद्यालयमा शारीरिक दण्ड जाय		१	१
बलात्कार	६		६
यौन दुर्व्यवहार	६	२	८
जम्मा	१६	४	२०

थिए । प्रारम्भिक बाल विकास केन्द्रमा ५ सय २० बालक र ५ सय ६३ बालिका अध्ययनरत थिए । जसमा दलित १९ हजार ४ सय ३४ र जनजाती १८ हजार २ सय ३४ छन् यसवर्ष कोरोना महामारीका कारण लकडाउन भएसँगै भर्ना अभियान प्रभावित बन्यो ।

१२ र १४ वर्षीय बालकलाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले पोखरा मनपा-६ स्थित डिहिकोपाटन बस्ने ६३ वर्षीय अष्ट्रेलियन नागरिक थोमसक अल्फ्रेडलाई २०७६ साउन ७ गते डिहिकोपाटनबाट गिरफ्तार गऱ्यो । कामदार भिसामा तीन वर्षदेखि नेपाल बस्दै आएका प्याराग्लाइडिङ पाइलट समेत रहेका आरोपितलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) र जिल्ला प्रहरी कार्यालय, कास्कीको संयुक्त टोलीले गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय, कास्कीका डिएसपी राजकुमार केसीले बताए । पीडितद्वयको स्वास्थ परीक्षण साउन ७ गते पश्चिमाञ्चल स्वास्य विज्ञान प्रतिष्ठानमा गरिएको प्रहरीले जनायो । प्रहरीले जिल्ला अदालत कास्कीमा २०७६ भदौ १ गते बाल यौन दुरुपयोग अभियोगमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालत कास्कीको आदेश अनुसार आरोपित भदौ ३ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको कार्यबहाक श्रेस्तेदार हरिसचन्द्र गौतमले बताए ।

१४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा मोरङ जिल्ला विराटनगर घर भई हाल उदयपुर जिल्ला चौदण्डी नपा-७ बस्ने २८ वर्षीय राकेशकुमार कनोडियालाई पोखरा मनपा-६ लेकसाइडबाट गिरफ्तार गरेको छ । पीडित बालिकालाई आरोपितले २०७६ असार ३१ गतेदेखि साउन ६ गतेसम्म लेकसाइडमा रहेको एक होटलमा बन्धक बनाइ बलात्कार गरेको आरोपमा स्थानीयले दिएको सूचनाका आधारमा आरोपितलाई २०७६ साउन ७ गते गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी राजकुमार केसीले बताए । पीडित बालिकाले साउन ७ गते जिल्ला प्रहरी कार्यलय कास्कीमा उजुरी दिइन् । पीडित बालिकाको स्वास्थ्य परीक्षण साउन ७ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको प्रहरीले जनायो । जिल्ला प्रहरी कार्यलयले जिल्ला

अदालत कास्कीमा भदौ १ गते अपहरण वा शारीरिक बन्धक र जबरजस्ती करणी मुद्दा दर्ता गऱ्यो । आरोपित भदौ २ गतेदेखि जिल्ला अदालत कास्कीको आदेशमा पुर्पक्षका लागि थुनामा रहेको कार्यबहाक श्रेस्तेदार हरिसचन्द्र गौतमले बताए ।

चार वर्षीया बालिकालाई जेठ ८ गते यौन दुर्व्यवहार गरेको भन्दै बारा जिल्ला जितपुर उपमहानगरपालिका-४ घर भई कास्की जिल्ला पोखरा महानगरपालिका-४ बस्ने २५ वर्षीय सदाम मियाँविरुद्ध पीडितको परिवारले ०७७ जेठ ८ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिए । पीडितको स्वास्थ्य परीक्षण जेठ ९ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा भयो । जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी राज कुमार केसीका अनुसार आरोपितलाई प्रहरीले जेठ ९ गते ग्रैहापाटनबाट गिरफ्तार गऱ्यो । प्रहरीले आरोपितविरुद्ध असार १ गते गते जिल्ला अदालतमा बालयौन दुरुपयोग मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालत कास्कीको असार २ गतेको आदेशले आरोपित ५० हजार धरौटीमा रिहा भएको कार्यबहाक श्रेस्तेदार हरिचन्द्र गौतमले बताए ।

पोखरामा जोखिमपूर्ण श्रममा लगाइएका चार जना बालिकाको उद्धार गरिएको छ । पोखरा महानगरपालिका-९ स्थित पृथ्वीचोकका चार ओटा होटलबाट १४ वर्ष मुनिका बालिकाहरूको उद्धार ०७६ मङ्सिर २३ गते गरिएको हो । उदयपुर जिल्ला घर भएकी १३ वर्षीया सुस्मीता घर्तीमगर, १२ वर्षीया अस्मिता घर्तीमगर, रुपन्देही जिल्ला घर भएकी आठ वर्षीया इच्छा घर्तीमगर र तनहुँ जिल्ला भिमाद नपा घर भएकी नौ वर्षीया सुस्मिता थापा मगरलाई उद्धार गरिएको शक्ति समूह कार्यक्रम अधिकृत सरिता पौडेलले जानकारी दिइन् । पौडेलका अनुसार पोखरा महानगरपालिकाको संयोजन तथा पोखरा उद्योग वाणिज्य सङ्घ बालश्रम न्यूनीकरण कार्यक्रम, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र शक्ति समूहको समन्वयमा पृथ्वीचोकस्थित बसपार्कमा रहेको अस्मिता सोलुखुम्बु सगरमाथा रेष्टुरेष्ट, मार्फा थकाली रेष्टुरेष्ट, सन्दीप होटल र हिमालयन थकाली गेष्ट हाउसबाट बालिकाहकरूको उद्धार गरिएको हो ।

बागलुङ

जम्मा जनसङ्ख्या	२,६८,६०५
महिला	१,५२,७५१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६१,१६३
कामका लागि बाहिरिएका	४२,६२३
अपाङ्गता भएका	६,१७५
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.५
आश्रित जनसङ्ख्या	१,२१,५३५

विद्यालयमा शिक्षकद्वारा विद्यार्थी कुटिएको देखि आफन्तबाटै बालिकाहरू यौनजन्य घटनामा पीडित भएका छन् । बागलुङ जिल्लामा बालविवाह व्याप्त छ भन्ने सुने पनि अहिले सम्म उजुरी नपरेको प्रमुख जिल्ला अधिकारी गौलोचन सैंजुले बताउनुभयो । उजुरी नआएपनि सजग हुनको लागि स्थानिय तहलाई आग्रह गर्दै आएको उहाँले बताउनुभयो । बालबालिका माथि हुने यौन दुर्व्यवहार, घरेलु हिंसा र बालबालिकालाई कामदारको रूपमा प्रयोग नगर्नको लागि लोक कल्याणकारी सूचना जारी गर्दै विद्यालय र विभिन्न स्थानमा सचेतनामुलक कार्यक्रमको आयोजना गरिनुपर्ने उहाँले बताउनुभयो । शिक्षालाई पाठ्क्रममा मात्र समिति नराखेर हिंसासम्बन्धी सचेतनाको

घटनाको प्रकार	अन्य पक्षबाट		
	बालिका	बालक	जम्मा
बालविवाह	१		१
विद्यालयमा शारीरिक दण्ड सजाय		१	१
बलात्कार	३		३
यौन दुर्व्यवहार	४		४
जम्मा	७	१	८

बारेमा र आत्मरक्षाको बारेमा पनि सिकाइ हुनुपर्ने उहाँले बताउनुभयो ।

बाल विवाहका उजुरी दर्ता नभए पनि बागलुङ अत्यधिक बालविवाह हुने जिल्लामा पर्छ । जिल्लाको पश्चिम तमानखोला गाउँपालिकाले आर्थिक वर्ष २०७५/२०७६ मा १९ ओटा बालविवाह बदर गरेको थियो । तर, पछिल्लो समय अदालत र विभिन्न स्थानमा जनप्रतिनिधिलाई दिएको तालिममा लिखित रूपमा उजुरी प्राप्त भएमात्र बालविवाह रोक्न मिल्ने नभए हस्तक्षेप गर्न मिल्दैन भनेको भएर आफूहरू चुपचाप बसेको तमानखोला गाउँपालिकाका उपाध्यक्ष करमती पुनले बताउनुभयो । अभिभावक सचेत भएमात्र बालविवाह रोक्न सकिने उहाँको अनुभव रहेको छ । 'पछिल्लो वर्षमा बालविवाह निर्मुल पार्ने गरी गाउँपालिकाले अभियान चलायो ।'-उहाँले भन्नुभयो- 'तर, हामीहरूले बदर गरी पठाएका जोडीहरू घर फर्किएर सँगै बसेको खुल्यो ।' विवाह दर्ता गर्न मिल्दैन, २० वर्ष उमेर पुगेपछि मात्र विवाह गर्नुपर्छ भनेर फर्काएको केही महिनापछि बालिका गर्भवती भएको कुरा सार्वजनिक हुने गरेकोसमेत उहाँले बताउनुभयो । बालविवाह गर्दा बालिका र उसको स्वास्थ्यमा पर्ने असरसँगै बालविवाहका अन्य नकारात्मक असरको बारेमा सचेतना जागरण गर्न नसकेसम्म बालविवाह रोक्न नसकिने उहाँको भनाइ छ । छिमेकीले बालविवाह हुँदैछ भन्ने जानकारी दिएर बालविवाह रोक्न सकिदैन उहाँले भन्नुभयो बालबालिकाका घर परिवार सचेत नभए पछि हाम्रोमात्र केही लाग्दैन ।

म्याग्दी

जम्मा जनसङ्ख्या	१,१३,३४०
महिला	६२,६४१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३१,३२३
कामका लागि बाहिरिएका	१४,३१४
अपाङ्गता भएका	६,१२२
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.५
आश्रित जनसङ्ख्या	५२,१५७

यस जिल्लामा १ सय ७४ आधारभूत र ५९ माध्यमिक विद्यालय छन् । १ हजार २ सय ८० शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन् । २०७६ सालमा २ हजार ५ सय ७७ जना बालक र २ हजार ४ सय ७८ जना बालिका कक्षा १ मा नयाँ भर्ना भए । माध्यमिक तहमा १० हजार ७ सय ३२ छात्र र ११ हजार ५ सय ९० छात्रा अध्ययनरत छन् । अपाङ्गमैत्री विद्यालय तीन ओटा छन् । कक्षा १० सम्मका ७ हजार २ सय ५४ जना दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो ।

१२ वर्षीया बालिकालाई बेनी नगरपालिका-५ का २५ वर्षीय अशोक परियारले २०७६ पुस १२ गते यौन दुर्व्यवहार गरेको भन्दै बालिकाको आफन्तले पुस १८ गते प्रहरीमा उजुरी

घटनाको प्रकार	घटनाको प्रकार	
	बालिका	जम्मा
बाल विवाह	१	१
बलात्कार	१	१
जम्मा	२	२

दिए । पीडित बालिकालाई यौन दुर्व्यवहारको आरोप लागेका अशोक २०७७ असार मसान्तसम्म गिरफ्तार भएका छैनन् । पीडित बालिकाको स्वास्थ्य परीक्षण २०७६ पुस १९ गते बेनी अस्पतालमा गरिएको छ ।

१५ वर्षीया बालिकालाई २०७६ फागुन २७ गते विवाह गरेको आरोपमा धौलागिरी गाउँपालिका-३ मुनाका २९ वर्षीय टकबहादुर भण्डारीलाई प्रहरीले फागुन २८ गते आरोपितकै घरबाट गिरफ्तार गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण बेनी अस्पतालमा फागुन २८ गते भएको थियो । प्रहरीले आरोपितविरुद्ध चैत ३० गते जिल्ला अदालत म्याग्दीमा मुद्दा दायर गऱ्यो । अदालतले २०७७ वैशाख ४ गते आरोपितलाई टकबहादुरलाई २ लाख रुपियाँ र विवाह गराउने भूमिका खेल्ने मिना मल्ललाई १ लाख रुपियाँ धरौटी राख्न आदेश दियो । आरोपितहरु धरौटी राखेर रिहाइ भएका छन् भने हालसम्म मुद्दा किनारा लागेको छैन ।

गोरखा



जम्मा जनसङ्ख्या	२,६४,६३७
महिला	१,४८,५६२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५४,८७५
कामका लागि बाहिरिएका	२८,१०४
अपाङ्गता भएका	१२,५३७
५ वर्षमाथिको साक्षरता प्रतिशत	६६.०३
आश्रित जनसङ्ख्या	१,१५,३३४

गोरखामा ४ सय २८ सामुदायिक (१३ ओटा धार्मिक समेत) र ४६ ओटा संस्थागत गरी ४ सय ७४ विद्यालयहरू छन् । बालविकास केन्द्र ३ सय ९३, १-५ चलेका २ सय ५२, १-८ चलेका ६४, १-१० चलेका ६६ र १-१२ चलेका ५८ विद्यालयहरू छन भने ३४ ओटा विद्यालयहरूमा बालविकास केन्द्रमात्र सञ्चालित छन् । जिल्लामा भुकम्पपछि पुनर्निर्माण भएका विद्यालय भवनहरू अपाङ्गमैत्री बनेका छन् । जिल्लामा २ हजार ६ सय ११ जना शिक्षकको दरवन्दी रहेकामा सबै कार्यरत छन् । द्वन्द्वपीडित परिवारका २५ जना बालबालिकाहरूलाई गत शैक्षिक सञ्ज छात्रवृत्ति दिइएको छ ।

घटनाको प्रकार	अन्य पक्षबाट		
	बालिका	बालक	जम्मा
बलात्कार	४		४
यौन दुर्व्यवहार	४	१	५
जम्मा	८	१	९

जिल्लाका सबैजसो विद्यालय २०७२ वैशाख १२ को भूकम्पले भत्किएका छन् । पुनर्निर्माण नभएका कतिपय विद्यालयको पढाइ अस्थायी टहरोमा भइरहेको छ । यहाँ चार वर्ष देखि टहरो र अस्थायी सिकाइ केन्द्रमा चलेका कक्षा अहिले धमाधम नयाँ भवनमा सर्न थालेका छन् । भूकम्पले चार सय ९० विद्यालय भवनमा क्षति पुऱ्याएको थियो । ति मध्ये ३ सय भन्दा वढी विद्यालयको निर्माण सम्पन्न भएको भूकम्प पुननिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाइ (शिक्षा) ले जनाएको छ । विद्यालय व्यवस्थापन समितिमार्फत १ सय ७६, दातृनिकायबाट ३५ र गैरसकारी निकाय मार्फत ९० विद्यालय पुननिर्माण भएको हो । सामान्यतया १२ सम्म चलेका उच्च माविका लागि २४, १० सम्म चलेका माविका लागि १८, निमाविलाई १२ र प्राविका लागि आठ कक्षा कोठाको पर्छ । जग्गाको प्रकृति, विद्यार्थी संख्या र विद्यालयको प्रकारको आधारमा भवन निर्माण भएको छ । यहाँ निर्माणाधिन र वन्न वाकी विद्यालयका विद्यार्थी अस्थायी सिकाइ केन्द्रमा अध्ययन गर्दै आएका छन् । टहरो मुनी बस्दा जाडोमा सित चुहिने र गर्मिमा जस्ता तातेर वस्न नसकिने विद्यार्थीहरुको गुनासो छ । विद्यालयको भवनले पनि शैक्षिण गुणस्तरमा प्रभाव पार्ने शिक्षकहरुको गुनासो छ । शैषिक सत्र २०७७ मा विद्यार्थी भर्ना तथा पठनपाठन हुन सकको छैन ।

२०७६ साउनदेखि २०७७ असार मसान्तसम्म गोरखामा १० जना बालबालिका हिंसामा परे । जसमा मध्ये ९ जना बालिका बलात्कार र एक जना यौन दुर्व्यवहारका कारण पीडित भए । होटल मजदुरी गरिरहेका भारतीय मुलका दुई जना (बाल मजदुर)बालकलाई भने प्रहरीले उद्धार गरी स्वदेश फर्कायो ।

६ वर्षीया बालिकालाई २०७६ साउन ५ गते यौन दुर्व्यवहार गरेको आरोपमा पालुडटार नगरपालिका-६ गाइखुरका ८० वर्षीय ज्येष्ठ नागरिकविरूद्ध पीडितका आफन्तले साउन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । प्रहरीले आरोपितलाई साउन ६ गते घरैबाट गिरफ्तार गऱ्यो । पीडित बालिकाको स्वास्थ्य परीक्षण साउन ६ गते गोरखा अस्पतालमा भयो । जिल्ला प्रहरी कार्यालयले साउन २६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतले साउन २६ गते नै श्रेष्ठलाई पुर्पक्षका लागी थुनामा पठायो । २०७७ असार मसान्तसम्म मुद्दाको फैसला नभएको गोरखा अदालतका श्रेस्तेदार विनोद अधिकारीले बताए ।

१५ वर्षीय बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले मकवानपुर जिल्लाको

थाहा नगरपालिका-६ घर भइ हाल गोरखा नगरपालिका-७ नयाँबजारमा डेरा गर बस्ने २१ वर्षीय सन्तोष श्रेष्ठलाई २०७६ चैत २९ गते गिरफ्तार गरेको छ । पीडित बालिकालाई आरोपितले चैत २५ गते विवाहको प्रलोभन देखाइ बलात्कार गरेको भन्दै बालिकाका आफन्तले चैत २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका छन् । ३० गते नै जिल्ला अदालतमा जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गरी कारवाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका एसपी ओम अधिकारीले बताउनुभयो । पीडित बालिकाको स्वास्थ्य परीक्षण पनि चैत ३० गते नै गोरखा अस्पतालमा गरिएको छ । २०७७ वैशाख १ को आदेश अनुसार आरोपितलाई पुर्पक्षका लागि गोरखा कारागार थुनामा पठाइएको छ ।

१६ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले गोरखा नगरपालिका-७ वेलडाँडाका २६ वर्षीय रामशरण सिर्मललाई ०७७ वैशाख ७ गते गिरफ्तार गरेको छ । विवाह गर्ने प्रलोभन देखाएर वैशाख ३ गते बालिकालाई घरमै बोलाइ बलात्कार गरेको भन्दै पीडितका परिवारले वैशाख ७ गते जिल्ला प्रहरी कार्यालय गोरखामा लिखित उजुरी दिएको थियो । सिर्मलविरूद्ध वैशाख ८ गते जबरजस्ती करणी शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गरिएकामा गोरखा अदालतको वैशाख १६ को आदेशले आरोपित पुर्पक्षका लागि जिल्ला कारागार पठाइएको छ । पडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ७ गते गोरखा अस्पतालमा गरिएको छ ।

शहिद लखन गाउँपालिका-२ मनकामनाको वैष्णुदेवि मारवडी होटलमा काम गर्ने दुई जना बालकलाई प्रहरीले उद्धार गरेको छ । भारत मोतिहारी ठाना पहारपुर गाउँ लौण्डरीया स्थायी घर भएका १४ वर्षीय धरमेन्द्र माझी र सोही ठाउँका १४ वर्षीय राहुल मुसहरलाई २०७६ कात्तिक २२ गते उद्धार गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी मित्रवन्दु शर्माले बताए । कात्तिक २२ गते नै आफन्त अशोककुमार गुप्तालाई बालकको जिम्मा लगाइएको उनले बताए । सोही दिन होटल सञ्चालकलाई आगामी दिनमा बाल मजदुर नराख्न सम्झाइबुझाइ गरेर घटना टुङ्ग्याएको शर्माले बताए ।

पर्वत

जम्मा जनसङ्ख्या	१,४२,३७४
महिला	७४,८९४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१८,४२६
कामका लागि बाहिरिएका	२१,७३५
अपाङ्गता भएका	३,६५३
५ वर्षमाथिको साक्षरता प्रतिशत	७३.८
आश्रित जनसङ्ख्या	६२,४८८

पर्वत जिल्लामा २०७६ साउन महिनादेखि २०७७ असारसम्म नौ जना बालिकाहरू यौनजन्य हिंसाबाट पीडित भएका छन् ।। १४ वर्षीया वर्षीया बालिकालाई २०७६ साउन १७ गते बलात्कार गरेको आरोपमा प्रहरीले जलजला गाउँपालिका-९ का २१ वर्षीय विपिन नेपालीलाई साउन १९ गते छिमेकीको घरमा लुकेर बसेको अवस्थामा गिरफ्तार गऱ्यो । पीडित बालिकालाई आरोपितले साउन १७ गते बलात्कार गरेको आरोप छ । आरोपितलाई जबजस्ती करणी गरेको आरोप लगाई साउन २९ गते पर्वत जिल्ला अदालतमा मुद्दा दर्ता गरायो । पर्वत जिल्ला अदालतले आरोपितलाई साउन २९ गते पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो । पीडित बालिकाको स्वास्थ्य परीक्षणसाउन १८ गते जिल्ला अस्पताल पर्वतमा गरिएको थियो । पर्वत जिल्ला अदालतको ०७६ पुस १४ गतेको फैसलाले आरोपितलाई १८ वर्ष कैद सजाय र २५ हजार रुपियाँ जरिबानाको फैसला सुनायो ।

पाँच वर्षीया बालिकालाई ०७६ साउन ३२ गते यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले ११ वर्षीय बालकलाई भदौ ४ गते उनकै घरबाट गिरफ्तार गऱ्यो । पीडित बालिकालाई आरोपितले साउन ३२ गते यौन दुर्व्यवहार गरेको भन्दै पीडित बालिकाकी आमाले जिल्ला प्रहरी कार्यालय, पर्वतमा भदौ ४ गते नै उजुरी दिइन् । गिरफ्तार गरिएका बालकलाई भदौ १९ गते जिल्ला अदालत पेश गरी १९ गतेको अदालतको

घटनाको प्रकार	अन्य पक्षबाट	
	बालिका	जम्मा
बलात्कार	४	४
यौन दुर्व्यवहार	६	६
जम्मा	१०	१०

आदेशले नजिकको सुधार गृह पोखरास्थित सराङकोटमा राख्नका लागि २० गते पोखरा बाल सुधार गृहमा पठाएयो । पीडित बालिकाको स्वास्थ्य परीक्षण भदौ ४ गते नै जिल्ला अस्पताल पर्वतमा गरिएको प्रहरीले जनाएको छ । २०७७ असार मसान्तसम्म मुद्दा फैसला भएको छैन ।

१४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले मोदी गाउँपालिका-५ बाजुङ ओखलढुङ्गा बस्ने २६ वर्षीय प्रकाश बिकलाई २०७६ असोज २७ गते मोदी गाउँपालिका-५ बाट गिरफ्तार गऱ्यो । पीडित बालिकालाई आरोपितले असोज २५ गते बलात्कार गरेको आरोप थियो । पीडित बालिकाका अभिभावकले सोही समय प्रहरीलाई मौखिक उजुरी गराउनुका साथै असोज २७ गते जिल्ला प्रहरी कार्यालय, पर्वतमा लिखित उजुरी दिएका थिए । पीडित बालिकाको स्वास्थ्य परीक्षण असोज २७ गते जिल्ला अस्पताल, पर्वतमा गरिएको प्रहरीले जनायो । पर्वत जिल्ला अदालतको २०७६ पुस १४ गतेको फैसलाले आरोपितलाई १२ वर्ष कैद सजाय र २५ हजार रुपियाँ जरिबानाको फैसला सुनाएको छ ।

जलजला गाउँपालिका-७ धाइरिङकी १४ वर्षीया बालिका सुनिता रिजाल ०७६ चैत २ गते दिउँसो १२ बजे घाँस काट्न भन्दै खेतमा गएकी र २०७७ असारमसान्तसम्म सम्पर्कमा आएकी छैनन् । गहुँगोरो अनुहार र खैरो कपाल भएकी अन्दाजी पाँच फिट उचाइ भएकी रिजाल घरभन्दा केही तलको सल्यानफाँटमा घाँस काट्न भनी गएको तर नफर्किएको बालिकाका ४४ वर्षीय बाबु महानन्द रिजालले बताए । बालिकाका आफन्तले जिल्ला प्रहरी कार्यालय पर्वतमा ०७६ चैत १० गते खोजी कार्यका लागि सहयोग गर्न भन्दै निवेदन दिए । जिल्ला प्रहरी कार्यालय पर्वतका इन्स्पेक्टर राजन रायमाझीले मातहतका सबै युनिटहरूबाट बालिकाको हुलियासहित खोजी कार्य भइरहेको बताएपनि बालिका हाल सम्म फेला पर्न सकेकी छैनन् ।

१५ वर्षीया बालिकालाई २०७६ माघ ३ गते यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले ५५ वर्षीय बाबुलाई ०७६ माघ ७ गते गिरफ्तार गऱ्यो । पीडितका आफन्तहरूले माघ ७ गते प्रहरीलाई मौखिक जानकारी गराएपछि आरोपितलाई घरैबाट प्रहरीले गिरफ्तार गरेको हो । पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ७ गते जिल्ला अस्पताल पर्वतमा गरिएको इन्स्पेक्टर विकास थापाले जानकारी दिए । इन्सेकप्रतिनिधि सन्तोष थापाको पहलमा पीडितलाई पोखराको एक सुरक्षा गृहमा राखिएको छ । आरोपितलाई हिरासतमा राखी बाल यौन दुर्व्यवहार अन्तर्गत माघ ८ गते पर्वत जिल्ला अदालतबाट म्याद थप गरी माघ २९ गतेको अदालतको आदेशले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो । २०७७ असार मसान्तसम्म मुद्दाको फैसला भएको छैन ।

लमजुङ

जम्मा जनसङ्ख्या	१,६४,१५७
महिला	५१,०४५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२७,८४५
कामका लागि बाहिरिएका	२१,१६१
अपाङ्गता भएका	४,७४५
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.१
आश्रित जनसङ्ख्या	७१,८५५

लमजुङ जिल्लामा २ सय ६८ आधारभूत र १ सय २३ मावि छन् । आधारभूत तहमा १ हजार ५ सय ५२ शिक्षक दरबन्दी छ भने मावि तहमा ४ सय ४९ जनाको दरबन्दी छ । कुनै पनि तहमा दरबन्दी रिक्त छैन । २०७६ मा वर्ष १ हजार ४ सय ७५ बालक र १ हजार ७ सय ३१ बालिका नयाँ भर्ना भए । जिल्लामा ३८ हजार ८ सय ७५ विद्यार्थी छन् । जसमध्ये छात्र १८ हजार ३ सय ५४ र छात्रा २० हजार ५ सय २१ छन् । जिल्लामा ५२ अपाङ्गमैत्री विद्यालय छन् । ५ हजार ३ सय ४१ दलित बालक र ४ हजार ८ सय ६९ दलित बालिकाले छात्रवृत्ति पाए । १८ बर्ष मुनीका द्वन्द्वपीडित परिवारका १५ जना बालबालिकाले छात्रवृत्ति पाए । स्थानीय तहमा अधिकार गइसकेपछि यथेष्ट तथ्याङ्क जिल्ला शिक्षा समन्वय इकाइलाई स्थानीय तहले उपलब्ध नगराउँदा अभिलेखिकरणमा समस्या भएको शिक्षा इकाई प्रमुख विरबहादुर गुरुङले बताउनुभयो । स्थानीय तहहरुले जनशक्ति व्यवस्थापन मात्रै आफ्नो कर्तव्य ठान्ने परम्पराले दरबन्दी मिलानमा समस्या भएको उहाँले बताउनुभयो ।

२०७६ साउन महिनादेखि २०७७ असार महिनासम्म लमजुङ जिल्लामा १२ ओटा बाल अधिकारसम्बन्धी उजुरी परेका छन् । आफ्नै आफन्तदेखि अन्यबाट बालिकाहरू

घटनाको प्रकार	अन्य पक्षबाट	
	बालिका	जम्मा
बलात्कार	२	२
यौन दुर्व्यवहार	३	३
जम्मा	५	५

यौन दुर्व्यवहारबाट पीडित भएका छन् । लमजुङमा घटेका १२ घटनामध्ये आठ ओटा बलात्कार र चार ओटा यौन दुर्व्यवहार रहेका छन् । २० वर्ष नपुगी विवाह दर्ता नगराउने कानुन अनुसार स्थानीय तहमा विवाह दर्ताको तथ्याङ्क नभएता पनि जिल्ला सामुदायिक अस्पतालमा कुल गर्भवती मध्येमा २५ प्रतिशत २० वर्षभन्दा कम उमेरका गर्भवती भएको जिल्ला अस्पतालका प्रशासक प्रमुख हेमन्त श्रेष्ठले बताउनु भयो । गर्भवती परीक्षण गराउन आउँदा कम उमेरका गर्भवतीको लागि मनोसामाजिक परामर्श सेवा पनि प्रदान गरिने श्रेष्ठको भनाइ छ ।

लमजुङ जिल्लामा १४ जना द्वन्द्व पीडित बालबालिकाहरू रहेको शिक्षा समन्वय इकाइका प्रमुख बिरबहादुर गुरुङले बताउनु भयो । सरकारले द्वन्द्व पीडित बालबालिकाका लागि १-५ अध्ययन गर्न १२ हजार रुपियाँ, ६-८ अध्ययन गर्न १४ हजार रुपियाँ, ९-१० अध्ययन गर्न १६ हजार रुपियाँ र ११-१२ अध्ययन गर्न १८ हजार रुपियाँ वार्षिक छात्रवृत्ति उपलब्ध गराउँदै आएता पनि त्यो उनीहरूका लागि पर्याप्त नभएको गुरुङको भनाइ छ । छात्रवृत्ति मात्र नभई उनीहरूको खाना, नाना र छानाको समेत व्यवस्था हुनुपर्ने गुरुङको सुझाव रहेको छ ।

१७ वर्षीया बालिकालाई २०७६ असोज ३० गते बलात्कार गरेको आरोपमा प्रहरीले ०७६ कात्तिक ३ गते प्रहरीले मर्स्याङदी गाउँपालिका-५ बस्ने २२ वर्षीया धनराशी बिकलाई गिरफ्तार गरियो । आरोपितलाई प्रहरीले कात्तिक ३ गते खुदी बजारबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रविन्द्रमान गुरुङले बताउनुभयो । पीडित बालिकाको स्वास्थ्य परीक्षण कात्तिक ४ गते जिल्ला सामुदायिक अस्पतालमा गरिएको थियो । कात्तिक २१ गते जिल्ला अदालतमा प्रहरीले मुद्दा दर्ता गरेकामा अदालतले कात्तिक २४ गते पुर्पक्षको लागि थुनामा राखेको अदालतका श्रेस्तेदार जगतबहादुर खड्काले बताउनु भयो ।

१३ वर्षीया बालिकालाई वैशाख २८ गते बलात्कार गरेको भन्दै मध्य नेपाल नगरपालिका-६ का २५ वर्षीय सोनाम दुरा धिंदालविरुद्ध पीडितको आमाले वैशाख २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । पीडितको स्वास्थ्य परीक्षण वैशाख २९ गते जिल्ला सामुदायिक अस्पतालमा भएको मेडिकल अफिसर हिक्मत भण्डारीले बताउनु भयो । आरोपितलाई जिल्ला प्रहरी कार्यालय दमौलीले लुकेको अवस्थामा तनहुँ जिल्ला स्थित दमौलीबाट वैशाख ३० गते गिरफ्तार गरेको डीएसपी रवीन्द्रमान गुरुङले बताउनु भयो । प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा जेठ १९ गते मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतको जेठ २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो ।

स्याङ्जा

जम्मा जनसङ्ख्या	२,७८,६८८
महिला	१,५५,३३७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३३,५०५
कामका लागि बाहिरिएका	५०,४७६
अपाङ्गता भएका	४,४५१
५ वर्षमाथिको साक्षरता प्रतिशत	७६.६
आश्रित जनसङ्ख्या	१,२१,८२३

नौ वर्षीया बालिकालाई ०७६ साउन ६ गते यौन दुर्व्यवहार गरेको आरोपमा चापाकोट नगरपालिका ९ का ७३ वर्षीय यामबहादुर विक विरुद्ध पीडितका आफन्तले साउन ६ गते वडा प्रहरी कार्यालय वालिङमा उजुरी दिए । आरोपितलाई साउन ६ गते घरबाट गिरफ्तार गऱ्यो । पीडित बालिकाको गह्रौ घ्याङलिङ प्राथमिक स्वास्थ्य केन्द्र वालिङमा साउन ६ गते स्वास्थ्य परिक्षण गरिएको प्रहरीले जनायो । आरोपितविरूद्ध प्रहरी जिल्ला अदालत स्याङ्जामा भदौ १९ गते मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालत स्याङ्जाले आरोपितलाई भदौ २६ गते पुर्पक्षका लागि थुनामा पठायो । उक्त मुद्दा २०७७ असार मसान्तसम्म चालु अवस्थामा रहेको छ ।

१७ वर्षीय बालिकालाई २०७६ असोज २९ गते बलात्कार गरेको आरोपमा आधिखोला गाउँपालिका-५ बस्ने २६ वर्षीय चन्द्रबहादुर दमैविरूद्ध पीडितका आफन्तले कात्तिक ५ गते जिल्ला प्रहरी कार्यालय स्याङ्जामा उजुरी दिए । प्रहरीले आरोपितलाई कात्तिक ४ गते गिरफ्तार गरी कात्तिक २८ गते अदालत पेश गरेकामा अदालतले सोही दिन पुर्पक्षका लागि थुनामा पठायो । २०७७ असार मसान्तसम्ममा साक्षी बुझ्ने भनी मुद्दा चालु अवस्थामा रहेको छ ।

घटनाको प्रकार	अन्य पक्षबाट	
	बालिका	जम्मा
बालविवाह	१	१
बलात्कार	३	३
यौन दुर्व्यवहार	१	१
जम्मा	५	५

जिल्लागत आधारमा बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना सङ्ख्या

	घटनाको प्रकार	अन्य पक्षबाट		
		बालिका	बालक	जम्मा
बागलुङ	बालविवाह	१		१
	विद्यालयमा शारीरिक दण्ड सजाय		१	१
	बलात्कार	२		२
	यौन दुर्व्यवहार	४		४
	जम्मा	७	१	८
गोरखा	बलात्कार	४		४
	यौन दुर्व्यवहार	४	१	५
	जम्मा	८	१	९
कास्की	बालश्रम	३	१	४
	बाल विवाह	१		१
	विद्यालयमा शारीरिक दण्ड सजाय		१	१
	बलात्कार	६		६
	यौन दुर्व्यवहार	६	२	८
	जम्मा	१६	४	२०
लमजुङ	बलात्कार	२		२
	यौन दुर्व्यवहार	३		३
	जम्मा	५		५
मनाङ	बलात्कार	१		१
	जम्मा	१		१
मुस्ताङ	बलात्कार	१		१
	जम्मा	१		१
म्याग्दी	बाल विवाह	१		१
	बलात्कार	१		१
	जम्मा	२		२

	घटनाको प्रकार	अन्य पक्षबाट		
		बालिका	बालक	जम्मा
नवलपरासी पूर्व	बाल विवाह	१		१
	विद्यालयमा शारीरिक दण्ड सजाय		३	३
	बलात्कार	९		९
	यौन दुर्व्यवहार	७	१	८
	जम्मा	१७	३	३०
पर्वत	बलात्कार	४		४
	यौन दुर्व्यवहार	६		६
	जम्मा	१०		१०
स्याङ्जा	बाल विवाह	१		१
	बलात्कार	३		३
	यौन दुर्व्यवहार	१		१
	जम्मा	५		५
तनहुँ	बाल विवाह	१		१
	विद्यालयमा शारीरिक दण्ड सजाय	१		१
	बलात्कार	३		३
	जम्मा	४		४
कुल जम्मा		७६	९	८५

प्रतिवेदन तयारीमा संलग्न व्यक्तिहरू

क्र.सं.	जिल्ला	नामथर
१	गोरखा	हरिराम उप्रेती
२	म्याग्दी	अमृतकुमार पौडेल
३	कास्की	सुशन घिमिरे
४	लमजुङ	दलबहादुर मजाकोटी
५	तनहुँ	प्रकाशचन्द्र भट्टराई
६	नवलपरासी पूर्व	तिर्थराज डुम्रे
७	स्याङ्जा	हिमलाल पराजुली
८	पर्वत	सन्तोष थापा
९	बागलुङ	सिर्जना पन्त

इन्सेकका केही प्रकाशनहरू



www.inseconline.org

नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल

नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline /inseconline /INSECnepal

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
गण्डकी प्रदेश कार्यालय, पोखरा महानगरपालिका–८, एयरपोर्ट मार्ग
फोन : ०६१–५३३३६६, इमेल : pokhara@insec.org.np